संक्षिप्त प्राविधिक ज्ञान

# केरा खेती

## लगाउने र फल उत्पादन गर्ने समय

- चितवनमा यी जातका केराहरुलाई माघको तेस्रो सातापछि फाल्गुन १५ सम्म लगाएमा असोज-कार्तिक पछि फल तयार हुन्छ । ढिलो गरी लगाएमा, असोज देखि माघसम्मको समयमा प्रशस्त मात्रामा फल उत्पादन हुन गई बजारको समेत समस्या हुन्छ ।
- विलियम हाईब्रिड, अष्ट्रेलियन हाईब्रिड र झापाली मालभोग लाई ढिलो गरी (फाल्गुनपछि) लगाएमा जाडोमा पसाउने र चिसोको कारणले गर्दा फल उत्पादन राम्रो हुँदैन ।

## सकरको छनोट तथा लगाउने तरिका

- केराको  विरुवा टिस्यू कल्चर र सकरहरुवाट प्रशारण गर्न सकिन्छ । टिस्यू कल्चरको विरुवा लगएमा पछि समस्या कम आउने हुन्छ । सर्करवाट खेती गर्दा केराको लगाउने सकर श्रावण-भाद्रमा निस्केका तरवारे सकर (sword sucker) छनौट गर्नु पर्छ ।
- सवै बोटहरु एकनासका र एकैपटक फल उत्पादन गर्न तरवारे सकरवाट समान आकारको गानाहरु जमिन सरहको भागबाट नै काटेर माथिको भागलाई छुटाउन पर्दछ र गानोलाई मात्र प्रसारण गर्न उपयुक्त हुन्छ ।
- घना खेतीको लागि १.५-२.० x १.५-२.० मिटर र लामो समयको उत्पादनको लागि दुई लाईन पद्द्तिमा  खेती  गर्नु पर्छ । दुई लाईन पद्द्तिमा खेती गर्दा दुई लाईन १ देखि २ मिटरको दुरीमा लगाउने ४  मिटर जग्गा छाडेर फेरी २ लाईन लगाउने र यसै क्रमले पूरा बगैचा लगाउनु पर्दछ । बगैचामा प्रकाश जाओस् भन्ने हेतुले उत्तर दक्षिण गरेर लाईन बनाउनु पर्दछ ।
- घना गरेर केरा लगाएमा विरुवा कमजोर हुने, रोग र किराको प्रकोप बढी हुने, कोशाको संख्या कम लाग्ने, हाताहरु टाढा टाढा लाग्ने, कोसाको आकार सानो र कोसाहरु कमजोर भई फुट्ने र सजिलै भाँचिने र ढल्ने गर्दछ  ।

## मलखाद र सिंचाई

- प्राङ्गारिक मल २०-२५ के.जी, नाईट्रोजन १५० देखि २५० ग्राम, फस्फोरस १००-१५० ग्राम, पोटास १५० देखि २५० ग्राम तत्व प्रतिबोट प्रयोग गर्नु पर्दछ ।
- शुक्ष्म तत्वहरुको मिश्रण १०-१५ ग्राम प्रतिबोटको दरले हाल्नुपर्दछ ।
- मल राखेपछि  सिचाई गर्नुपर्दछ । डबल लाईन पद्धतिमा हरियो मल, कोषेवाली लगाएमा माटोको गुणस्तर कायम राख्न मद्धत पुग्दछ ।

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*